का.जि.प्र.का.द.नं. १००/०५१/५०

१७ असार २०८१, सोमबार

1 July 2024, Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक १३९ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

# राजनीतिलाई पकडमा राख्ने ओली रणनीति

संवादहिनताको अवस्थामा रहेका नेकपा एमाले र नेपाली कांग्रेसका शीर्ष नेताहरुबीच औपचारिकरुपमै भेटवार्ता हुन थालेको छ । यसलाई सत्ता गठबन्धनमा रहेका दलका नेताहरु प्रचण्डलाई दबाबमा राख्ने ओलीको रणनीतिका रुपमा व्याख्या गर्छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ असार ।

संघीय संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा एमालेका शीर्ष नेताहरूको संवादले नेपाली राजनीति तरंगित भएको छ । संवादहिनताको अवस्थामा रहेका एमाले र कांग्रेसका शीर्ष नेताहरुबीच औपचारिक रुपमै भेटवार्ता हुन थालेपछि अनेकन आशंका गरिएका छन् । तर, सत्ता गठबन्धनमा रहेका दलहरु प्रचण्डलाई दबाबमा राख्ने ओलीको रणनीतिमा रुपमा ब्याख्या गर्छन ।

शनिवार कांग्रेस सभापति शेरबहादुर देउवा ओली निवास बालकोट पुगेका थिए। साढे तीन घण्टा ओलीसँग देउवाले छलफल गरे ।


आइतबार बिहानै ओली प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेट्न सिंहदरवारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय पुगे । त्यहाँ ओलीले प्रचण्डसँग साढे दुई घण्टा छलफल गरे ।

शीर्ष नेताहरुबीच भएको संवाद सार्वजनिक भएको छैन । तर, नेताहरु यी भेटवार्तालाई लिएर सार्वजनिक रुपमा टिप्पणी गर्न अग्रसर भएका छन् ।

नेताहरूका अनुसार एमाले प्रधानमन्त्री प्रचण्डले कुनै अडान नलिएर आफूरूले भने अनुसार सत्ता सञ्चालन गर्नुपर्ने भनेर दबाबमा राख्न चाहन्छ। तर, यसमा प्रचण्ड इमानदार नभइदिएको उनीहरूको बुझाई छ ।

हालै बिभिन्न ११ देशमा रहेका राजदूतलाई सरकारले फिर्ता बोलाएको छ । फिर्ता बोलाएपछि रिक्त भएकामध्ये आठ देशका लागि सिफारिस भएका राजदूतमा एमालेको भागवण्डामा परेकाहरु धेरै छन् । राजदूत फिर्ता र नयाँ सिफारिसलाई लिएर प्रश्न उठेपछि प्रधानमन्त्री प्रचण्डले गठबन्धनमा रहेका दलहरूलाई ख्याल गर्न भनेको बताएका थिए । उनले विगतमा राम्रो राजदूत दिएको भनेर कांग्रेस सभापति शेरबहादुर देउवालाई धन्यवाद दिएका थिए ।

पृष्ठ २ मा





एमाले सरकारमा ठूलो दल भएर पनि सत्ता साझेदार माओवादी केन्द्रसँग असन्तुष्ट छ भने प्रतिपक्षी कांग्रेस सरकारका गतिविधिसँग सन्तुष्ट छैन । यस सन्दर्भमा भेटवार्ता चलेको हो । अर्कोतर्फ अहिले एमाले-माओवादी सत्तासमीकरण सधैंको लागि रहिरहने पनि होइन होला ।

**मीन विश्वकर्मा**
**प्रचार विभाग प्रमुख, कांग्रेस**

# महत्वपूर्ण विधेयक अलपत्र

संघीय संसदले विगतको अधिवेशनको तुलनामा कानून निर्माणको संख्या बढाएको छ । तर महत्वपूर्ण विधेयक भने अगाडि बढ्न सकिरहेका छैनन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं १६, असार ।

प्रतिनिधि सभाले आइतबार तीन वटा विधेयक पारित गरेको छ । आगामी आर्थिक बर्षको बजेट केन्द्रित बजेट आश्रित तीन वटा विधेयक पारित भएको हो । जसमा आर्थिक विधेयक २०८१, राष्ट्र ऋण उठाउने विधेयक २०८१ र भन्सार महसुल विधेयक २०८१ रहेका छन् ।

सोमबार प्रतिनिधि सभाले 'लगानी सहजीकरण सम्बन्धी केहि नेपाल ऐनलाई संशोधन गर्ने विधेयक' फास्ट ट्र्याकमा पास गर्ने तयारी गरेको छ । यसअघि यही असार १४ गते अभिलेख संरक्षण ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मत पारित गरेको थियो । यसअघि चालु अधिवेशनमै २४ जेठमा प्रतिनिधि सभाले सुरक्षण मुद्रण सम्बन्धी विधेयक पारित गरेको थियो ।

यसरी संघीय संसदले विगतको अधिवेशनको तुलनामा कानून निर्माणको संख्या बढाएको छ । तर, महत्वपूर्ण विधेयक भने अगाडि बढ्न सकिरहेका छैनन् ।

२५ फागुन २०७९ मा संसदमा दर्ता भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक (टीआरसी विधेयक) माथि संसदीय समितिले अझै सहमति जुटाउन सकेको छैन ।

सरकारले उच्च प्राथमिकतामा रहेको भनेको यो विधेयकमा सहमति जुटाउन कानुन न्याय तथा मानव अधिकार समितिले पहिलो पटक ५



जेठ २०८० मा २१ दिन समय दिएर उपसमिति गठन गरेको थियो । उपसमितिले काम सकेर प्रतिवेदन दिएता पनि मूल समितिले निर्णय लिन सकेको छैन ।

संघीयता कार्यान्वयनसँग जोडिएका संघीय निजामति विधेयक पनि अगाडि बढ्न सकेको छैन । निजामति कर्मचारी विधेयक प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफलमा छ ।

विद्यालय शिक्षा विधेयक पनि अगाडि बढ्न सकेको छैन । यो विधेयक प्रतिनिधि सभाको शिक्षा तथा सूचना प्रविधि समितिमा दफावार छलफलमा छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, भ्रष्टाचार निवारण (पहिलो) संशोधन विधेयक, संवैधानिक परिषद् -काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक र अनुगमन तथा मूल्यांकन विधेयक राज्य व्यवस्था समितिमा छ ।

संसदीय विषयगत समितिका सभापतिहरु प्राप्त विधेयकउपर छलफल चलाउन प्रयत्नशील रहेको संसद सचिवालयका प्रवक्ता एकराम गिरी बताउँछन् ।

उनी भन्छन्, 'विधेयक केन्द्रित छलफल नभएको भन्न मिलेन । तर बजेट अधिवेशनमा बजेटमाथि छलफल चलिरहेको र बैठक अलिक लामो समय चल्ने हुँदा सांसदहरु समितिमा समय दिन सकिरहेका छैनन् । तथापि, समितिका सभापतिहरु विधेयकउपर छलफल गराउन प्रयत्नशील हुनुहुन्छ ।'

# मधेशमा हटेन बालविवाह

२० वर्ष उमेर पुगेपछि मात्रै विवाह गर्न पाउने सरकारको नीति छ । तर मधेश प्रदेशमा २० वर्ष नपुगी विवाह गर्ने किशोरीको संख्या ५० प्रतिशतभन्दा बढी रहेको पाइएको छ ।

**शिव विक/मध्यान्ह**
काठमाडौं १६, असार ।

शिक्षा र आर्थिक रुपमा कमजोर मधेश प्रदेशमा बाल विवाहको संख्या डरलाग्दो छ। सरकारले २० वर्ष पुगेपछि मात्रै विवाह गर्न पाउने भनेको छ । तर, मधेश प्रदेशमा २० वर्ष नपुगी विवाह गर्ने किशोरीको संख्या ५० प्रतिशतभन्दा बढी रहेको पाइएको छ ।

राष्ट्रिय जनगणना-२०७८ को तथ्यांकअनुसार मधेश प्रदेशमा १५ देखि १७ वर्षभित्र विवाह गर्नेको संख्या २७.७ प्रतिशत छन् । १० देखि १४ वर्षको उमेरभित्र विवाह गर्ने ९.३ प्रतिशत र १० वर्ष उमेर मुनि विवाह गराइने ०.२ प्रतिशतसहित यो संख्या ३७.२ प्रतिशत हुन्छ ।

अठार र २० वर्ष उमेरबीच विवाह गर्ने ३९.५ प्रतिशत छन् । दुलाहाको उमेर २० देखिए पनि दुलही १७ वर्षका पाइएका छन् । उमेर नपुगी विवाह भएका महिला ३९.५ को आधा हुँदा कूल उमेर नपुगी विवाह हुनेको संख्या ५० प्रतिशतमाथि पुगेको हो ।

बालविवाहविरुद्ध सामाजिक अभियान सञ्चालन गर्दै आएका रत्यौली युवाक्लबका अध्यक्ष वैद्यनाथ चौधरी मधेशमा विवाह हुने सालाखाला औसत उमेर १८ वर्ष रहेको रहेको बताउँछन् । राष्ट्रिय जनगणना, २०७८ को तथ्यांक अभिलेखमा पनि यही उल्लेख छ ।

बालविवाहको यो पाटो बाहेक अनमेल विवाह हुँदा पनि बालविवाहमा पर्ने किशोरी नै बढी रहेका देखिएको छ । पछिल्ला केही वर्षयता अनमेल विवाह घट्दै गए पनि समाजमा पाको उमेरका पुरुषको सम्पत्ति हेरेर उमेर नपुगेकी छोरी दिनेहरु समाजमा अझै बाक्लै रहेको सरकारी अधिकारीहरू बताउँछन् ।

बालविवाहको यो अवस्था अन्त्य गर्न जिल्लाका स्थानीय तहले विभिन्न सामाजिक संघसँगको सहकार्यमा सामाजिक जागरण अभियान सञ्चालन गर्दै आएका छन् । मटिहानी, बलवा, मनराशिशवा, जलेश्वर र लोहारपट्टी नगरपालिका तथा पिपरा र महोत्तरी गाउँपालिकामा

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

आज नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३०औं साधारण सभा र ३२औं स्थापना दिवस

# महासंघदेखि कार्यकाल बढाउनेसम्मको एजेण्डा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असार

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सोमबार ३०औं साधारण सभा र ३२औं स्थापना दिवस मनाउँदै छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले उद्घाटन गर्ने साधारण सभामा संघले विभिन्न व्यवसायीलाई वैदेशिक रोजगार क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै सम्मान गर्ने कार्यक्रम राखेको छ ।

संघले यसपटक नियमितरूपमा पेश गर्ने वार्षिक प्रतिवेदनहरूमा छलफल गरी पास गर्नुका अतिरिक्त विधान संशोधनको विशेष प्रस्ताव पनि साधारण सभामा पेश गर्नेछ ।

महासचिव मेघनाथ भुर्तेलका अनुसार संघलाई महासंघमा लैजानेसहित संघको कार्यकाल दुई वर्षबाट तीन वर्ष बनाउने र भलाई कोष सञ्चालन कार्यविधिको विशेष प्रस्ताव साधारण सभामा लगिने भएको छ ।

**अध्यक्ष भण्डारी तथा महासचिव भुर्तेलसँगको**
**अन्तर्वार्ता पृष्ठ १२ मा...**

संघका अध्यक्ष राजेन्द्र भण्डारी तथा महासचिव भुर्तेलले एक वर्षको कार्यकालमा वैदेशिक रोजगार क्षेत्रको सुधार र व्यवसायी हितका लागि महत्वपूर्ण आधार खडा गरेको बताएका छन् । संघको ३०औं साधारण सभा सम्बन्धमा मध्यान्ह दैनिकसँगको अन्तर्वार्तामा अध्यक्ष भण्डारी तथा महासचिव भुर्तेलले वर्तमान कार्यसमितिले अघि बढाएका कामले सुधारका आधार तयार पारेको भन्दै एक वर्षभन्दा बढीको कार्यकाल परिणाममुखी रहेको दाबी गरेका छन् ।

वैदेशिक रोजगार ऐनमा रहेको वार्षिक सय जना कामदार पठाउनुपर्ने व्यवस्था खारेजीका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत संसदमा पुर्‍याएको, सेवा शुल्क परिमार्जन गर्न सकारात्मकरूपमा काम भएकोजस्ता काम गरिएकाले व्यवसायी उत्साहित हुने वातावरण बनेको दुवै जनाले एक स्वरमा दाबी गरे ।

### वैदेशिक रोजगारीबाट फर्केका आठ उत्कृष्ट उद्यमी पुरस्कृत

**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीबाट फर्केर मुलुकमा नै उद्यम गरिरहेका आठ उत्कृष्ट उद्यमीलाई पुरस्कृत गरेको छ । आइतबार मन्त्रालयमा आयोजित एक कार्यक्रमका बीच उत्कृष्ट उद्यमीलाई मन्त्रालयले नगदसहित सम्मान गरेको हो ।

तर उत्कृष्ट वैदेशिक रोजगार व्यवसायीलाई विगत लामो समयदेखि सम्मान गर्न छोडिएको छ । वैदेशिक रोजगार ऐनको दफा ७१ मा प्रत्येक वर्ष नेपाल सरकारले एउटा उत्कृष्ट इजाजतपत्रवालालाई तोकिएको मापदण्डका आधारमा वैदेशिक रोजगार

पृष्ठ २ मा

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही मिति २०८१ असार २५ गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तानी नगर्ने विज्ञापन एजेन्सी/संस्था/व्यक्तिहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२५८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१७ असार २०८१, सोमबार
1 July 2024, Monday

# प्रवासका व्यवसायीहरूले नेपालमा लगानी गर्ने बेला आएको छ : गगन थापा



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १६ असार

नेपाली कांग्रेसका महामन्त्री तथा संघीय सांसद गगन थापाले कतारका नेपाली व्यवसायीलाई नेपालमा लगानी गर्न आग्रह गरेका छन्।

सानै रकम भएपनि नेपालको कुनै एक क्षेत्रमा लगानी गर्न उनले आग्रह गरेका हुन्। नेपाल व्यवसायी संघ कतार एलएलसी (जी) ले गगन थापासहित केन्द्रीय सदस्य एवम् जनसम्पर्क समिति समन्वय विभाग प्रमुख किरण पौडेल केन्द्रीय सदस्य एवम् पूर्व नेविसंघ अध्यक्ष नैन सिंह महरसँग शनिबार दोहाको रेडिसन बुलुमा गरेको अन्तरक्रिया तथा साक्षात्कार कार्यक्रम गरेका थियो।

कार्यक्रममा थापाले लगानीका लागि पोलिसी बनाउनेदेखि सहजीकरण गर्ने, काम सत्ता चलाउने र नेताको जिम्मेवारी रहेको र त्यो पुरा गर्ने बताए। प्रवासमा व्यवसाय गरिरहेका सबै व्यवसायीले नेपालमा लगानी गर्ने बेला आएको उनले बताए।

उनले देश दुखेको बेला प्रवासी नेपाली तथा व्यवसायीहरूले सदैव सरकारलाई सहयोग गरेको स्मरण गर्दै नेपाली तथा गैरआवासीय नेपालीले नेपालमा अनिवार्य लगानी गर्न थाले ठूलो लगानी भित्रने विश्वास व्यक्त गरे।

अन्तरक्रियामा सहभागी संघका पदाधिकारी तथा उपस्थितले आफ्ना जिज्ञासा राखेका थिए। सहभागीहरूले देशमा लगानी भित्र्याउने वातावरण बनाउनेदेखि आयात र निर्यातका नीति तथा सहकारीमा फसेको पैसा कसरी लिने भन्नेसम्मका प्रश्न राखेका थिए। सामाजिक सुरक्षा कोषमा थुप्रिएको पैसालाई लगानी गरी त्यसबाट प्राप्त आयले सेवा गर्न सकिने सम्मका सुझाव सहभागीले दिएका थिए।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका गगन थापाले संसदमा उठाउन मिल्ने, नीति निर्माणमा सुझाव दिन मिल्ने र आफैले गर्न सक्नेको पहिचान गरी अगाडी बढ्ने बताए।

कार्यक्रममा सहभागी नेपाली राजदूतावास कतारका महामहिम राजदूत नरेश विक्रम ढकालले नेपाल लगानीका लागि सुरक्षित राष्ट्र हो भनेर सकारात्मक सन्देश दिन अति आवश्यक रहेको बताए। उनले विभिन्न १६ वटा बुँदामा नेपाल र कतार बीच सम्झौता हुन लागे पनि आफूलाई सरकारले फिर्ता बोलाएकोमा र बाँकी बुँदामा नयाँ आउने राजदूतले काम गर्ने विश्वास व्यक्त गरे। उनले कतार फाउण्डेसनले नेपालमा शिक्षामा लगानी गर्न खोजे पनि नेपालको कर्मचारी तन्त्रलाई प्रोटोकलको नीतिले किच्दा सम्झौता हुन नसकेको खुलासा गरे।

उनले एनसीसी कतार, व्यवसायी संघ र दूतावासले धेरै राम्रा कामको थालनी गरेको स्मरण गर्दै आफू नेपाल फर्किए पनि निरन्तरता दिन आग्रह गरे। नेपाल सरकारले नेपाल बाहिर रहेका लगानीकर्ताका लागि राम्रो पोलिसी बनाउनै नसकेको दाबी केन्द्रीय सदस्य पौडेलले गरे।

उनले लगानीका लागि आवश्यक पहिलो पोलिसी हो त्यो नै कमजोर रहेको बताउँदै लगानीका लागि हजारौँ क्षेत्र रहेको बताएका थिए। अन्तरक्रियामा विकास, कानून, आयात निर्यात लगायत विभिन्न विषयमा करिब ३ घण्टा छलफल भएको थियो।

संघका उपाध्यक्ष राजेन्द्र कुमार शर्मा (आरके) ले प्रवासमा आर्जन गरेको पुँजीलाई देशको विकासमा कसरी सदुपयोग गर्न सकिन्छ भन्ने बारे वृतचाटमार्फत प्रस्ट पारेका थिए। महासचिव शंकर न्यौपानेले सहजीकरण गरेको कार्यक्रममा उपाध्यक्ष राजु रेग्मी (राज)ले स्वागत मन्तव्य राखेका थिए भने अर्का उपाध्यक्ष नरेन्द्र भाटले व्यवसायी संघको आवश्यकता र संघले गरिरहेका कार्यका बारेमा जानकारी दिएका थिए।

कार्यक्रमका सभापति तथा संघका अध्यक्ष महेन्द्र चम्लागाईले सांसद थापासहित कांग्रेसका नेताहरूसँगको अन्तरक्रियाले नयाँ ऊर्जा मिलेको बताए।

उनले अमूल्य समयका लागि सांस थापा, नेतागण, राजदूत र उपस्थितसहित नेपाली जनसम्पर्क समिति कतारलाई धन्यवाद ज्ञापन गरेका थिए।

# पशु सेवा कार्यालयद्वारा सञ्चालित अनुदानका कार्यक्रमको अनुगमन

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, १६ असार

पशु अस्पताल तथा पशु सेवा कार्यालय डोल्पाद्वारा उपल्लो डोल्पामा सञ्चालित कार्यक्रमहरुको सरोकारवालाहरुको सहभागितामा स्थलगत अनुगमन गरिएको छ। कार्यालयले उपल्लो डोल्पाको डोल्पोबुद्ध र शे-फोक्सुण्डो गाउँपालिकाभित्र सञ्चालित अनुदानका कार्यक्रमको अनुगमन सम्पन्न गरेको हो।

कार्यक्रमको प्रभावकारिता एवम् पारदर्शिता बढाउन र आर्थिक अनियमितता हटाउने उद्देश्यले जिल्लास्थित सरोकारवालाको सहभागितामा मूल्यांकन, अनुगमन तथा अवलोकन गरिएको



पशु सेवा कार्यालय डोल्पाका प्रमुख जरबहादुर भक्रीले बताए। पशु सेवा कार्यालयमार्फत डोल्पोबुद्ध गाउँपालिकाको १, २ नं वडा र शे-फोक्सुण्डो गाउँपालिका-२ कराङस्थित ठाउँमा सञ्चालित च्यांग्रा उत्पादन कार्यक्रमको अनुगमन गरिएको छ।

कार्यालय प्रमुख भक्रीका अनुसार आर्थिक वर्ष २०८०/०८१ को कार्यालयको अनुदान ७० प्रतिशत अर्थात १६ लाख ५० हजार र ३० प्रतिशत अर्थात ४ लाख ९५ हजार अनुदान ग्राहिताको सहभागितामा कूल २१ लाख ४५ हजारमा च्यांग्रा उत्पादन कार्यक्रमअन्तर्गत शे- फोक्सुण्डो गाउँपालिकाको वडा नं २ कराङस्थित काराङ ग्याङजोङ च्यांग्रा उत्पादन समूह, डोल्पोबुद्ध गाउँपालिकाको वडा नं ३ ताक्सीस्थित ताक्यु च्यांग्रा पालन समूह र डोल्पोबुद्ध वडा नं १ स्थित धो च्यांग्रा पालन समूहको मूल्यांकन, अनुगमन तथा अवलोकन गरिएको हो।


**PRiME COMMERCIAL BANK LTD.**
**प्राइम कमर्सियल बैंक लिमिटेड**

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय.: महाबौद्ध, काठमाण्डौ फोन: ०१- ४२६८९४०

शाखा कार्यालय. : च्याम्हसिंह, भक्तपुर
फोन नं.: ०१-६६२००६०/६१/६२

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/०३/१७ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्रि हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

**शाखा कार्यालय.: महाबौद्ध, काठमाण्डौ**

**ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७१/०८/०८ मा दर्ता नं. ११९६१८/०७१/७२ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २२, टेवहाल स्थित **विजी इन्टरनेशनल**
**प्रोप्राइटर: घनश्याम ढकाल**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. परशुराम ढकालको नाति, विष्णु प्रसाद ढकालको छोरा, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२, स्थित स्थायी ठेगाना भएको **घनश्याम ढकाल (ना.प्र.प.नं. १९४/११२१/६२६२, काठमाण्डौ )**
२. विष्णु प्रसाद ढकालको बुहारी, घनश्याम ढकालको पत्नी, काठमाडौं जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **सम्झना थपलिया (ना.प्र.प.नं. २७१०२७/४७२२/५४०४५, काठमाण्डौ )**

**धितोमा रहेको सम्पत्तिको विवरण**

**घनश्याम ढकालको** नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २२, स्थित कित्ता नं. ७३५ को क्षेत्रफल ०-०-३-३ (रोपनी) को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत।

**शाखा कार्यालय : च्याम्हसिंह, भक्तपुर**

**ऋणीको विवरण**

अम्बर बहादुर खड्काको नाति रणध्वज खड्काको छोरा सिन्धुपाल्चोक जिल्ला पाल्चोक गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **ध्रुव बहादुर खड्का (ना.प्र.प.नं १८४५६/१०२९५७, सिन्धुपाल्चोक)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. अम्बर बहादुर खड्काको नाति रणध्वज खड्काको छोरा सिन्धुपाल्चोक जिल्ला पाल्चोक गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **इन्द बहादुर खड्का (ना.प्र.प.नं १३२१४४, सिन्धुपाल्चोक)**
२. अम्बर बहादुर खड्काको बुहारी रणध्वज खड्काको पत्नी सिन्धुपाल्चोक जिल्ला पाल्चोक गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **वेद कुमारी खड्का (ना.प्र.प.नं ६४०१, सिन्धुपाल्चोक)**

**धितोमा रहेको सम्पत्तिको विवरण**

**ध्रुब बहादुर खड्काको** नाममा मालपोत कार्यालय सिन्धुपाल्चोक, चौताराको लगतमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, पाल्चोक गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ३६७ को क्षेत्रफल २-१-३-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/०३/१७ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु च्याम्हसिंह, भक्तपुर र महाबौद्ध, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०३/२३ गते आइतबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।
६. शिलबन्दी बोलपत्र मिति २०८१/०३/२४ गते सोमबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन्।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु च्याम्हसिंह, भक्तपुर र महाबौद्ध, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ।


# कला र संगीतलाई पर्यटनसाग जोडेर लैजान आवश्यक छ : मन्त्री तामाङ

काठमाडौं/मस- संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्री हितबहादुर तामाङले कला र संगीतलाई पर्टनसँग जोडेर लैजानुपर्नेमा जोड दिएका छन्। नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको संगीत विभागद्वारा आयोजित 'नौमतीमा नौ राग' वादन प्रस्तुति कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री तामाङले नेपाली समाजमा नौमती, पञ्चे बाजाको भूमिका जनजीवनमा महत्वपूर्ण रहेकाले यो संगीत र यसको महत्व संसारसामु चिनाउनुपर्ने बताए।

उनले नेपाली समाजमा व्यापक र प्रचलित संगीत ऐतिहासिक र मौलिक पञ्चैबाजा (नौमती बाजा)को विशिष्ट



योगदान प्रभाव स्थापित भएको पनि बताए। नौमती बाजाको संरक्षण, विकास र प्रवर्द्धनलाई पनि राज्य तथा सबै पक्षले ध्यान दिनु पर्नेमा मन्त्री तामाङले जोड दिए।

नेपालमा अहिले सम्म १३५५ भन्दा बढी बाजाहरुको प्रयोग हुँदै आएकोमा कतिपय बाजाहरू लोपोनन्मुख अवस्थामा र जीर्ण अवस्थामा रहेको भन्दै उनले ती सबै बाजाहरू र धुनलाई आफ्नो ठाउँबाट संरक्षण, विकास र प्रवर्द्धनको खाँचो देखिएको बताए।

मौलिक तथा परम्परागत बाजाहरुको संरक्षणमा सरकार र मन्त्रालयले महत्वपूर्ण भूमिका खेल्ने मन्त्री तामाङले प्रतिबद्धता पनि जनाए। आर्थिक समृद्धि ल्याउनका लागि पनि यस्ता बाजागाजाको विशेष महत्व रहने उनले बताए।

## राजनीतिलाई...

सरकारको नेतृत्वमा रहेर आफैंले डिफेन्स गर्नुपर्नेमा सत्ता साझेदार दलहरुतिर देखाएकोमा एमाले नेताहरु रुष्ट छन्।

नेकपा एमाले सर्वोच्च अदालतको नेतृत्वमा माओवादी निकट व्यक्ति पुऱ्याउन चाहिरहेको छैन। यसमा कांग्रेस पनि सहमत छ। तर, प्रधानमन्त्री प्रचण्ड सर्वोच्च अदालतको नेतृत्वमा आफू निकटका न्यायाधिश पुग्ने गरी न्यायाधिश नियुक्ति सिफारिस गर्न खोजिरहेका छन्।

प्रधानमन्त्री प्रचण्डले पछिल्लो समय संक्रमणकालीन न्याय सम्बन्धी विषय अगाडि बढाउन खोजेका छन्। कांग्रेस सभापति शेरबहादुर देउवा समेतको उपस्थितिमा छलफल चल्न थालेको थियो।

यही बेला एमाले अध्यक्ष ओली निवासमा कांग्रेस सभापति शेरबहादुर देउवा पुगेपछि राजनीति तरंगित भएको छ। यो भेटलाई लिएर नेताहरूले सरकार परिवर्तन भएता पनि स्वभाविक मान्नुपर्ने बताउन थालेका छन्।

एक साता अगाडि मात्रै प्रधानमन्त्री प्रचण्डले आफूसँग जादुमय नम्बर भएकाले तरिका मिले पाँचै वर्ष प्रधानमन्त्रीमा टिकिरहने आत्मविश्वास व्यक्ति गरेका थिए। त्यस्तो हप्ता दिनमै एकाएक सरकारको आयुबारे अड्कलबाजी सुरु भएको छ।

यही असार ८ गते काठमाडौँमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले संसदमा ३२ सिट मात्रै भएपनि जादुमय नम्बर भएकाले प्रधानमन्त्रीबाट हटाउन सजिलो नभएको उत्साह व्यक्त गरेका थिए।

माओवादी अध्यक्ष समेत रहेका प्रधानमन्त्री प्रचण्डले आफ्ना कार्यकर्तालाई सरकार ढल्छ कि भनेर 'चिन्ता नलिन' आग्रह गरेको सातै दिन नबित्दै सरकारको आयुलाई लिएर अनेकन अड्कलबाजी भने भएको छ।

यसको पछाडि कांग्रेस सभापति देउवा एमाले अध्यक्ष ओलीको निवास बालकोट पुग्नु नै मुख्य कारण हो।

पालैपालो कांग्रेस एमालेलाई खेलाएर आफू सत्तामा बसिरहेको घटनालाई नमिठो रुपमा लिएका कांग्रेस-एमालेभित्रका कतिपय नेताहरु दुई दल मिलेर अघि बढ्नुपर्छ भन्ने मान्यता राख्दछन्। शनिबारको भेटले त्यो मान्यतालाई ठोस आकार दिने कामको सुरुवात गरेको दाबी कतिपय नेताहरुको छ।

कांग्रेस प्रचार विभाग प्रमुख नेता मीन विश्वकर्मा तत्कालै गठबन्धन फेरवदल गर्ने हिसाबले नभएतापनि यसखालको परिस्थितिको निर्माणको लागि छलफल भएको बताए।

'एमाले सरकारमा ठूलो दल भएर पनि सत्ता साझेदार माओवादी केन्द्रसँग असन्तुष्ट छ भने प्रतिपक्षी कांग्रेस पनि सरकारका गतिविधिसँग सन्तुष्ट छैन' उनी भन्छन्, 'अहिले एमाले-माओवादी सत्तासमीकरण पनि सधैंको लागि रहिरहने होइन होला।'

आइतबार प्रचण्ड र ओलीबीचको भेटमा रास्वपाका सभापतिसमेत रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने पनि सहभागी भएका थिए। तीन नेताबीच सोमबार बिहान पनि छलफल गर्ने तय भएको छ।

ओली र प्रचण्डको भेटपछि आइतबार एकीकृत समाजवादीको १० औं महाधिवेशनमा पुगेका रास्वपा सभापति लामिछानेले जनता र नेतृत्वको प्राथामिकता फरक रहेकाले देश अनुकुलमा कहिल्यै नरहेको अभिव्यक्ति दिए।

'मुलुक त सधैं खतरामा हुने रहेछ। परिस्थिति त कहिल्यै अनुकुल हुने रहेनछ। सधैं अफठयारो पर्ने रहेछ। त्यो अफठ्यारो के नेपाली जनताले पारेका हुन' लामिछानेले भने, 'किसान, मजदुरले, काम गरेर खाने मान्छेहरुले कसले अफठ्यारोमा पाऱ्यो ? म यहाँहरुलाई विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु- जब आम जनता र नेतृत्वको प्राथमिकतामा फरक आउँछ, त्यतिबेला मुलुक जहिले पनि अफठ्यारोमा पर्छ।'

उक्त कार्यक्रममा कांग्रेस सभापति शेरबहादुर देउवा, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड लगायत सहभागी थिए। कांग्रेस सभापति देउवाले पनि संविधानको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको सबलीकरण गर्न आवश्यक रहेको भन्दै राजनीतिक समीकरण परिवर्तनको संकेत गरे। तर, प्रष्ट खुलाएनन्।

## मधेशमा...

बालविवाहविरुद्ध सामाजिक जागरणका लागि विवाह प्रणाली सुधार परियोजना सञ्चालन भइरहेका छन्।

यी सात स्थानीय तहका ४९ वटा विद्यालयमा बालविवाह अन्त्यका लागि जीवनोपयोगी शिक्षा र व्यवहार परिवर्तनसम्बन्धी सैद्धान्तिक कक्षा, छलफल र अभ्यास भइरहेका छन्।

बालविवाह न्यूनीकरणका लागि स्थानीय सरकारले विद्यालयमा बालबालिका र अभिभावकबीच जनचेतनामूलक कार्यक्रम, सडक नाटक प्रदर्शन, बालक्लबको गठन, तालिम र बालमैत्री शासनलगायत कार्यक्रम सञ्चालन गराइरहेका छन्।

मटिहानी नगरपालिकाले उमेर पुगेपछि छोराछोरीको विवाह गराउने अभिभावक, विवाह विधि सम्पन्न गराउने गुरु/पुरोहित तथा मोल्वी (इस्लाम धर्मावलम्बीका पुरोहित) लाई सामाजिक सम्मान गर्दै आएको छ।

## वैदेशिक...

बोर्डको सिफारिसमा प्रशंसापत्रसहित पुरस्कृत गर्न सक्ने व्यवस्था छ। तर मन्त्रालयले यसतर्फ ध्यान नदिएको कतिपय व्यवसायीको गुनासो छ।

मन्त्रालयले वैदेशिक रोजगारीबाट फर्केका युवालाई मुलुकमा नै रोजगारीका अवसरहरु सिर्जना गर्न प्रेरित गर्नका लागि पुरस्कृत तथा सम्मान गर्दै आएको बताएको अवस्थामा उनीहरूलाई पठाउने म्यानपावर व्यवसायीलाई सम्मान नगर्दा मन्त्रालयले भेदभाव गरेको भनि कतिपयले टिप्पणीसमेत गरेका छन्।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०२/२४ मा दर्ता भएको **प्रा.लि.नं. २९१८५२** को **दियो कलश आई.टि. कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०५/३१ मा दर्ता भएको **प्रा.लि.नं. २७२०८०** को **अन्नकुट भेज भेगन कुजिन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# लालीगुराँस सहकारीका अध्यक्षसहित ४ जना पक्राउ

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १६ असार

लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्षसहित ४ जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा अध्यक्ष ७६ वर्षीय अमरदास श्रेष्ठ, सचिव तथा प्रमुख कार्यकारी अधिकृत ४६ वर्षीय सुरेन्द्र भण्डारी, कोषाध्यक्ष ७५ वर्षीय अमृतकुमार अर्याल र सदस्य ६१ वर्षीय कमदबाबा जोशी प्रधान छन् ।



२०८० चैत १ गते ३ करोड ठगीको आरोपसहित उनीहरूविरुद्ध ललितपुर प्रहरी परिसरमा मुद्दा दर्ता भई अनुसन्धान शुरु भएको थियो । मुद्दा दर्ता भएदेखि नै फरार रहेका उनीहरूलाई काठमाडौं उपत्यका अनुसन्धान बिभागबाट खटिएको प्रहरी टोलीले २०८२ असार १४ गते काठमाडौंको विभिन्न ठाउँबाट पक्राउ गरेको थियो ।

उनीहरूले सर्वसाधारणलाई आकर्षक ब्याज दिने, चाहिएको बेला बचत झिक्न पाइने विश्वास दिलाइ बचतकर्ताहरूलाई हानि नोक्सानी पु¥याइ, सञ्चालकहरूलाई लाभ दिएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।

बचतकर्ताको ६ अर्ब ३० करोड रकम हिनामिना गरेको आरोपमा पक्राउ परेका अध्यक्ष श्रेष्ठसहित ४ जनालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले आइतबार सार्वजनिक गरेको हो । पक्राउ परेका चारै जनालाई थप अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी परिसर ललितपुर पठाइएको छ ।

# मर्यादाविपरीत कार्य गर्ने दुई प्रहरी हेडक्वाटर तानिए

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ असार

रौतहटमा कार्यरत दई प्रहरीलाई मर्यादा विपरीत कार्य गरेको भन्दै प्रहरी प्रधान कार्यालयमा तानिएको छ। इलाका प्रहरी कार्यालय कोपवामा कार्यरत प्रहरी नायव निरीक्षक मनोजकुमार पाण्डे र इलाका प्रहरी कार्यालय मौलापुरमा कार्यरत प्रहरी जवान दिपेन्द्र सिंहलाई प्रहरी प्रधान कार्यालयमा तानिएको हो ।



श्रोतका अनुसार पाण्डेले रौतहटको पश्चिमी भेगबाट भन्सार छलीका सामानहरु तस्करीको माध्यमबाट सेटिङको आधारमा निर्वाध रुपमा लाइन खोलेको आरोप छ । यस्तै सिंहले व्यापारीहरुसँग रकम उठाउँदै आएको आरोपमा आवश्यक अनुसन्धानको लागि तानिएको हो । प्रहरी प्रधान कार्यालयमा उनीहरुविरुद्ध उजुरी परेपछि छानविनमा निष्किएका प्रहरी टोलीले आवश्यक अनुसन्धान पश्चात दुबै जनालाई प्रधान कार्यालयमा तानिएका हुन् । रौतहट र बारा जिल्लाको सिमा क्षेत्रमा अहिले व्यापक रुपमा तस्करी बढेको जनगुनासो आएपछि सादा पोशाकमा हेड क्वाटरबाट टोलीहरु तराईका जिल्लाहरुमा अनुगन, निरीक्षणमा निस्किएका थिए । दुई साता अघि प्रहरी चौकी बंकलको प्रहरी निरीक्षक अवधेश यादवलाई पनि अमर्यादित कार्य गरेको सूचना प्राप्त भएपछि प्रहरी प्रधान कार्यालयले तानेर कारबाही प्रक्रियामा राखेको श्रोतले बताएको छ। यस विषयमा रौतहट प्रहरी उपरीक्षक दिलिप घिमिरेले प्रनानी र प्रहरी जवानलाई सोधपुछका लागि हेड क्वाटरमा बोलाएको, तर किन र के का लागि ?, आफूलाई थाहा नभएको बताए ।

शनिबार राति साढे ८ बजे नेपाली नम्बरको बाइक चढेर दुई जना व्यक्ति बौधीमाई नगरपालिकाको कोपवास्थित भूवाली चोकमा मनोज यादवले सञ्चालन गरेका पान पसलमा खानेकुरा लिएर केही सोधपुछ गर्छन्। केही बेरपछि ती दुई जना अपरिचित व्यक्तिले यादवलाई भने, 'यो सइ साहवको पैसा हो राख्नु, म उहाँलाई यहाँबाट लानु होला भन्छु भनेर ५५ सय रुपैयाँ छाडेर गएका थिए ।'

त्यहाँबाट गएर पुनः आधा घण्टामा ती दुई अपरिचितसँगै अन्य दुई व्यक्तिहरु ना.३९ प. ८७५० र मधेश प्रदेश-०३-०२४प-९१८० नम्बरको मोटरसाइकल चढेर आएका थिए। यो रकम सइ पाण्डेको हो भनेर सकार गर्न लगाउन निकै दबाब दिँदा सफल पनि भए ।

तत्पश्चात सइ पाण्डे र जवान सिंहलाई हेडक्वाटरमा उपस्थित हुन उर्दी जारी भएपछि दुवै जना हेडक्वाटर गएको बुझिएको छ ।

# उदयपुरमा वर्षातले घरहरुमा क्षति, सडक अवरुद्ध हुँदा आवत-जावतमा समस्या

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १६ असार

उदयपुरमा भारी वर्षातले जमिन भाँसिने बग्ने तथा पहिरो गएसँगै घरहरु तथा सडकमा क्षति पुगेको छ ।

जसका कारण आवत-जावतमा समेत समस्या भएको छ। शनिबारदेखि लगातार वर्षातले त्रियुगा नगरपालिका, रौतामाइ गाउँपालिका लगायत ग्रामीण तथा पहाडी भेगहरुका घरहरुमा क्षति पुग्नुका साथै सडक अवरुद्ध भएको छ ।

त्रियुगा नगरपालिकाका १६ वडा अध्यक्ष मान बहादुर राईका अनुसार सो वडा अन्तर्गत सुकौरा सडक,बेल्दोभान, जाँते सिद्रे, सिदाली आहाका स्थानीयको घरमा क्षति पुगेको छ भने सडक समेत अवरुद्ध भएको छ । राईले जाँते सिद्रे, तीनधारे लगायत ठाउँहरुका ६ वटा घरहरुमा आंशिक क्षति भएको जानकारी दिए ।

यता १५ वडा अन्तर्गतको अन्दाजी दुई दर्जन घरहरुमा आंशिक क्षति तथा आन्तरिक सडकहरु बन्द भएको र वाह्य मुख्य सडकमा पहिरो खसेको छ ।

भारी वर्षातले त्रिनपा २ फतेपुर गाईघाट, ५ दमौटी लगायत ठाउँहरुका सडक अवरुद्ध हुँदा आवत-जावतमा समस्या भएको सो वडाका वडाध्यक्षहरुको भनाइ छ ।



रौतामाई अन्तर्गतको मुर्कुची पुवारे सडक,मुर्कुची डुमुथुम्का, भुट्टार जाने लगायत सडकहरु क्षति भएर अवरुद्ध भएपछि आवत-जावतमा समस्या भएको रौतामाई गाउँपालिकाका उपाध्यक्ष भुपेन्द्र थापाले जानकारी दिए ।

# 'पूर्वप्राथमिक शिक्षा पाठ्यक्रम अभ्यासमा सांस्कृतिक परिवर्तन'

**काठमाडौं/मस–** एसोसिएसन अफ प्रि-स्कूल एजुकेटर्स नेपाल (अ.पे.न.)महानगरले पूर्व प्राथमिक शिक्षामा पाठ्यक्रम अभ्यासमा सांस्कृतिक परिवर्तनको विषयमा प्यानल छलफल सम्पन्न गरेको छ ।

छलफल इ.सी.डी. एक्सपट डा.मीनाक्षी दाहाल र पाठ्यक्रम विकास केन्द्रका निर्देशक सहसचिव शालिकराम भुसाल प्यानल सदस्यका साथमा भिभा व्याङ्कवेट, टेकुमा कार्यक्रम आयोजना गरी सम्पन्न भएको हो । किताब हुँदा के-के फाइदा हुन्छ ?, र नहुँदा के-के फाइदा हुन्छ ?, किताबरहित अन्य के-के उपाय अपनाउन सकिन्छ, अभिभावकलाई कसरी सम्झाउने र शिक्षकलाई कसरी प्रशिक्षण गर्ने र कसरी दक्ष बनाउने उद्देश्यको साथ कार्यक्रम गरिएको हो । प्यानलमा सरकारले पूर्व प्राथमिक शिक्षामा किताब आवश्यक हुँदैन भनेर किताब बन्द भयो, तर त्यसको विकल्पमा के हुन्छ ?, शिक्षकलाई ट्रेन गर्ने के कस्ता कार्यक्रमहरु ल्याएको छ र नीति नियम कस्ता हुन्छन् ? जस्ता प्रश्न प्यानल सदस्यहरुलाई गरिएको थियो।

जसमा प्यानल सदस्यहरुले चौतर्फी विकासको सिकाइ कसरी हुन्छ ?, भन्ने कुरा बुझ्नु महत्वपूर्ण रहेको बताए । त्यस्तै, आफ्नो भाषामा आफूलाई सहज हुने गरी व्यक्त गर्ने पाउनुका साथै उद्देश्यसहितको सामग्री हुनुपर्ने कुराको अवगत समेत गराएका थिए ।

जसमा शिक्षा क्षेत्रमा तनाव भन्दा पनि आधारभूत सीप, पढ्ने लेख्ने क्षमता, अवलोकन क्षमता, विशिष्ट क्षमता, भावनात्मक शिक्षा जान्न सामाजिक भावनात्मक क्षमताहरुको आवश्यक रहेको समेत बताए । आफू अरु भन्दा कमजोर छु भन्ने महशुस गर्ने वातावरणको विकास गराउन नहुने बताए ।


## ट्रेकिङ गाइड लाईसेन्स हरायो

मिति २०८१/०२/१२ गते मनमैजुबाट ठमेलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको ट्रेकिङ गाईड लाईसेन्स हराएकोले पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : रबिन बुर्लाकोटी**
**ठेगानाः त्रिपुरासुन्दरी-०६, धादिङ**
**इजाजत नं :१७०१०/०७५**
**सम्पर्क : ९८६५१७४११६**

## Vacancy Annoucement

One of the reputed recruitment agency is seeking for following applicants.

**Documentation : 1 (Male/Female)**
**PRO : 1 (Male/Female)**

Salary Negotiable

**Requirements:**
Atleast 2 years experienced in the related fields.

SEND YOUR CV: Aayusoverseas1341@gmail.com
01 4112590 | 9819716692

AAYUSH OVERSEAS PVT. LTD.
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu, Nepal


## ककनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**रानीपौवा, नुवाकोट**
**वागमती प्रदेश, नेपाल**

### शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०८१।०३।१७**

मिति २०८१।०२।२९ गते यस कार्यालयबाट प्रकाशित शिलबन्दी दरभाउ पत्रको सूचना बमोजिम E–Bidding मार्फत रीतपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरुमध्ये तपसिलका दरभाउपत्र सबैभन्दा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिका खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशन गरिएको छ ।

| क. सं. | ठेक्का नं. | कामको विवरण | छनोट भएको दरभाउ पत्रको नाम र ठेगाना | कबोल अंक (भ्याटसहित) |
|---|---|---|---|---|
| 1. | 05/solar/krm/080-81 | Installation of Solar Backup System | Unique Smart Industries pvt ltd | 477976 |

**प्रमुख प्रशासकीय अधिकृत**


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ARUN VALLEY TRADING CONTRACTING CLEANING AND AIR CONDITION** शहर: **DOHA**
पूर्व स्वीकृत मितिः २०८१/०२/२२ चलानी नं.: ६०२२०५०५ Lt. No.: 305754 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Manager | 0 | 1 | स. काममा दक्ष | 5000 | १८२५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 17 | 0 | | 1000 | ३६५१० | | | | | | | |
| 3. | Labor Services | 3 | 0 | | 1000 | ३६५१० | | | | | | | |
| 4. | Building Worker | 3 | 0 | | 1000 | ३६५१० | | | | | | | |
| 5. | Brick Mason | 6 | 0 | | 1200 | ४३८१२ | | | | | | | |
| 6. | Mason | 8 | 0 | | 1200 | ४३८१२ | | | | | | | |
| 7. | Carpenter | 1 | 0 | | 1200 | ४३८१२ | | | | | | | |
| 8. | Electrician | 2 | 0 | | 1200 | ४३८१२ | | | | | | | |
| 9. | Pipe Welder | 2 | 0 | | 1200 | ४३८१२ | | | | | | | |
| 10. | Secretary | 0 | 1 | | 2200 | ८०३२२ | | | | | | | |
| 11. | Gen. Clen. Worker | 1 | 0 | | 1000 | ३६५१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २४ गते (8 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**TOKIYO OVERSEAS PVT. LTD.**
Govt. License No.: 1307/074/075
Airport, Sinamangal-09 phone no-014594008/014597178
tokiyooverseas51@gmail.com | Web: www.tokiyooverseas.com.np

## साउदीमा रोजगार

कम्पनी: **AL-TASHEED AL-RAQI BUILDING MATERIALS EST.** शहर: **RIYADH**
पूर्व स्वीकृत मितिः २०८१/०३/१४ चलानी नं.: ६०२२१७३८ LT. No.:306995

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload and Download Agent | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २४ गते (8 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


Lic. No.: 167/056/057
**Kantipur Overseas Service Pvt. Ltd.**
Samakhushi, Kathmandu. Tel No: 4960615/4961916
E-mail : kantipurovs@gmail.com/website: www.kantipuroverseas.com

## SAUDI मा रोजगार

कम्पनी : **ARABIAN FAL LIMITED COMPANY** शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०३/१६ चलानी नं.: ६०२२१७३० L.T. No.: 306961

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker /Labour | 100 | 0 | स. काममा दक्ष | 1000 | ३५,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ असार २४ गते (8 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**C.S.T. SEASON SERVICE PVT. LTD.**
Govt. Lic. No. 912/067/068
Balkumari-08, Lalitpur, Nepal | Tel:01-1-5186410, 5186420.
E-mail: cstgroup912@gmail.com | Website: www.cstmanpower.com

## साउदीमा रोजगार

कम्पनी: **CO CAFE FOR SERVING MEALS** शहर : **Saudi Arabia,RIYADH**
पूर्व स्वीकृत मिति: २०८१/०३/१४ चलानी नं.: ६०२२१७२२ LT. No.:306978

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: **EGG OYOUN RESTAURANT FOR SERVING MEALS** शहर : **Saudi Arabia,RIYADH**
पूर्व स्वीकृत मिति: २०८१/०३/१४ चलानी नं.: ६०२२१७२६ LT. No.:306938

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: **HUSSEIN BIN ALI ATHIFA CONTRACTING COMPANY** शहर : **Saudi Arabia,DAMMAM**
पूर्व स्वीकृत मिति: २०८१/०३/१४ चलानी नं.: ६०२२१७२४ LT. No.:306979

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 40 | 0 | स. काममा दक्ष | 1000 | ३५,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: **IRAD AL KHAIR GENERAL CONTRACTING COMPANY** शहर : **Saudi Arabia,RIYADH**
पूर्व स्वीकृत मिति: २०८१/०३/१४ चलानी नं.: ६०२२१७२५ LT. No.:306980

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 26 | 0 | स. काममा दक्ष | 1000 | ३५,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार २४ गते (8 July 2024) मा हुनेछ ।**

| 2. | Office And Facilities Cleaning Labors | 30 | 0 | | 1000 | ३५,४८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ असार २४ गते (8 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EQUATOR INTERNATIONAL (P.) Ltd.**
LIC. NO. 746/064/065
कार्यालयः गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 9851096808, 98510-34986, 9851011886
Email: equator746@gmail.com | Website: www.equatorintl.com

## बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

### जनहितमा जारी सन्देश

**जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराइ जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र निःशुल्क रूपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।**

**जन्म दर्ता गराउँदा चाहिने कागजातहरूः**

- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पछिल्लो खोप कार्ड,
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा स्थानीय तहको वडामा बसोबास रहेको प्रमाण,
- बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन ।

**मृत्यु दर्ताका लागि चाहिने कागजातहरूः**

- मृतकको नागरिकताको प्रमाणप्रत्र (नागरिकता बनेको भएमा) वम जन्मदर्ता (नागरिकता नबनेको भएमा),
- सूचकको नागरिकता,
- मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कुटनीटिक नियोगको सिफारिस,
- स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण ।

**विवाह दर्ता गराउँदा चाहिने कागजातहरूः**

- विवाह दर्ता गर्न पति र पत्नि दुवै सूचक हुनुपर्छ,
- दुलाहा दुलहीको नागरिकता प्रमाणपत्र वा राष्ट्रियता खुल्ने कागज,
- दुलाहा वा दुलही दुवैको हालै खिचेको अटो साईजको फोटो,
- अदालतबाट नाता कायम भएको अवस्थामा नाता कायमको कागज,
- कुनै एकजना विदेशमा रहेमा विदेश स्थित नेपाली नियोगबाट प्रमाणित अधिकृत बारेसनामा ।

**सम्बन्ध विच्छेद दर्ता गराउन चाहिने कागजातहरूः**

- सूचकको नागरिकता प्रमाणपत्र,
- अदालतबाट सम्बन्ध विच्छेद भएको फैसला,
- विदेशीमा सम्बन्ध विच्छेद भएको हकमा त्यहाँको प्रचलित कानूनअनुसार सम्बन्ध विच्छेद भएको प्रमाणपत्र र कुटनीटिक नियोगबाट प्रमाणित भएका अंग्रेजी भाषाका कागजातलाई नोटरी पब्लिकबाट अनुवाद गरेको वा कन्सुलर सेवा विभागबाट प्रमाणितकरण गरेको सक्कल प्रति ।

**बसाइँ सरेर जादा चाहिने कागजातहरू :**

- लगत हस्तान्तरण फारम,
- बसाइँ सराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ बर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्र र १६ बर्ष भन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र,
- परिवारका सम्पूर्ण सदस्यको सबै व्यक्तिगत घटना दर्ता गरेपछि मात्र बसाइँ सराइ दर्ता गर्नुपछ ।

**बसाइँ सरेर आउँदा चाहिने कागजातहरूः**

- लगत हस्तान्तरण फाराम,
- बसाइँ सराइ गरेर आउँदा घरमुली वा सूचकको नागरिकता बसाइँ सराइ गरेर जाँदा (जुन ठाउँबाट जान लागिएको हो) र आउँदा (बस्न लागिएको नयाँ ठाउँ) दुबै ठाउँमा घटना दर्ता गर्नुपछ ।

## गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

**बाढी, पहिरो, आँधी, बेहरी, जस्ता आपत विपद हुने सम्भावनाबाट जोगिन निम्न कुरामा ध्यान दिन अनुरोध छ ।**

१. केहि दिनको लागि चाहिने आपतकालीन आत्यावश्यक सामग्री (जस्तैः खानेकुरा, कपडा, औषधि, पानी) हरूको जोहो गरी सुरक्षित स्थानमा राखौं ।
२. बाढी आएका बेला नदीनालामा माछा मार्ने, पौडी खेल्ने, काठ दाउरा संकलन गर्ने र गाइवस्तु चराउने जस्ता कार्यहरू उच्च जोखिममा रहने हुँदा त्यस्ता कार्यहरू नगरौं र नगराऔं ।
३. बालबालिका, गर्भवती महिला, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरूको उद्धार तथा राहत वितरणमा विषेश प्राथमिकता दिनुहोस् ।
४. रेडियो, मोबाईल एस.एम.एस. बाट सूचना लिनुहोस् ।
५. बाढीको समयमा चौपायालाई खुल्ला छोड्नुहोस् ।
६. वर्षाको समयमा सर्प निस्कने हुँदा रातको समयमा सधैं टर्चलाईट प्रयोग गर्नुहोस् ।
७. महत्वपूर्ण कागजात, आवश्यक औषधिहरू प्लाष्टिकमा सुरक्षित साथ राख्नुहोस् ।
८. उच्च र सुरक्षित जमिनमा जानुहोस् ।
५. बाढी आईरहेको समयमा नदि वा खोलानालामा नजानुहोस् ।
१०. सफा (उमालेर/निर्मलिकृत) पानी मात्र पिउनुहोस् ।
११. ग्याँस तथा विद्युतीय सामाग्रीहरू बन्द गर्नुहोस् ।
१२. उच्च जोखिममा रहेका बस्तीहरू पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गरौं ।
१३. मौसम पूर्वानुमान तथा नजिकका नदि नालामा पानीको बहावको सूचना लिई आवश्यक सतर्कता अपनाऔं ।
१४. बाढी पहिरोको समयमा आपतकालिन उद्दारको लागि नजिकको सुरक्षाकर्मी वा सशस्त्र प्रहरी बल, नेपालको टोल फ्री नं–१११४ मा सम्पर्क गर्नुहोस् ।

## धनगढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

**बाढी, पहिरो, आँधी, बेहरी, जस्ता आपत विपद हुने सम्भावनाबाट जोगिन निम्न कुरामा ध्यान दिन अनुरोध छ ।**

१. केहि दिनको लागि चाहिने आपतकालीन आत्यावश्यक सामग्री (जस्तैः खानेकुरा, कपडा, औषधि, पानी) हरूको जोहो गरी सुरक्षित स्थानमा राखौं ।
२. बाढी आएका बेला नदीनालामा माछा मार्ने, पौडी खेल्ने, काठ दाउरा संकलन गर्ने र गाइवस्तु चराउने जस्ता कार्यहरू उच्च जोखिममा रहने हुँदा त्यस्ता कार्यहरू नगरौं र नगराऔं ।
३. बालबालिका, गर्भवती महिला, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरूको उद्धार तथा राहत वितरणमा विषेश प्राथमिकता दिनुहोस् ।
४. रेडियो, मोबाईल एस.एम.एस. बाट सूचना लिनुहोस् ।
५. बाढीको समयमा चौपायालाई खुल्ला छोड्नुहोस् ।
६. वर्षाको समयमा सर्प निस्कने हुँदा रातको समयमा सधैं टर्चलाईट प्रयोग गर्नुहोस् ।
७. महत्वपूर्ण कागजात, आवश्यक औषधिहरू प्लाष्टिकमा सुरक्षित साथ राख्नुहोस् ।
८. उच्च र सुरक्षित जमिनमा जानुहोस् ।
५. बाढी आईरहेको समयमा नदि वा खोलानालामा नजानुहोस् ।
१०. सफा (उमालेर/निर्मलिकृत) पानी मात्र पिउनुहोस् ।
११. ग्याँस तथा विद्युतीय सामाग्रीहरू बन्द गर्नुहोस् ।
१२. उच्च जोखिममा रहेका बस्तीहरू पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गरौं ।
१३. मौसम पूर्वानुमान तथा नजिकका नदि नालामा पानीको बहावको सूचना लिई आवश्यक सतर्कता अपनाऔं ।
१४. बाढी पहिरोको समयमा आपतकालिन उद्दारको लागि नजिकको सुरक्षाकर्मी वा सशस्त्र प्रहरी बल, नेपालको टोल फ्री नं–१११४ मा सम्पर्क गर्नुहोस् ।

# टी–२० विश्वकपको उपाधि भारतलाई

## रोहित, विराट र जडेजाले लिए सन्यास

**काठमाडौं/मस-** रोहित शर्माको भारतीय टोलीले दक्षिण अफ्रिकालाई हराउँदै टी-२० विश्वकपको उपाधि जितेको छ । सन् २०१३ को च्याम्पियन्स ट्रफीपछि भारतले बार्बाडोसमा भएको फाइनलमा सात रनको रोमाञ्चक जित निकाल्दै शनिबार रातिको खेलमा उपाधि जितेको हो ।

जितपछि भारतको नीलो जर्सी लगाएका समर्थक खुशीको आँसु झार्दै फाइनल खेल भएको खेलमैदानमा नाचेका दृष्य मनमोहक देखिन्थे । भारतले पछिल्लो पटक सन् २०११ मा घरेलु मैदानमा महेन्द्र सिंह (एमएस) धोनीको कप्तानीमा एकदिवसीय विश्वकप जितेको थियो । धोनीले सन् २००७ मा पहिलो संस्करणमा टिमलाई टी-२० विश्वकपको ट्रफी दिलाएका थिए ।

स्टार ब्याट्सम्यान विराट कोहलीले ५९ बलमा ७६ रन गर्दै भारतलाई ७ विकेटको क्षतिमा १७६ रनमा समेटेका थिए । शनिबारको खेलमा आफ्नो म्यान अफ द म्याच उपाधि जितेका ३५ वर्षीय कोहलीले भाषणमा अन्तर्राष्ट्रिय टी-२० खेलबाट सन्यासको घोषणा गरेका छन् । कप्तान रोहितले पनि कोहलीको घोषणालगत्तै भारतका लागि टी-२० म्याचबाट सन्यास लिने घोषणा गरेका छन् ।

पहिलो पटक विश्वकपको फाइनल खेलेको दक्षिण अफ्रिकालाई अन्तिम पाँच ओभरमा ३० रन चाहिएको अवस्थामा लक्ष्य भेट्टाउन तयार देखिए पनि भारतीय बलरले उपाधिका लागि खेललाई आफ्नो पकडमा राख्न सफल भएका थिए ।

गुयानामा भएको सेमिफाइनलमा भारतले डिफेन्डिङ च्याम्पियन इंग्ल्याण्डलाई पराजित गरेको थियो । रोहित सन् २००७ मा टी-२० विश्वकपको पहिलो संस्करणमा भारतका लागि खेल्नुभएको थियो भने कोहलीले सन् २०११ मा धोनीको कप्तानीमा एकदिवसीय विश्वकप उपाधि भारतले जितेको थियो ।

त्यसको दुई वर्षपछि धोनीको टिमले ५० ओभरको च्याम्पियन्स ट्रफीको फाइनलमा आयोजक इंग्ल्यान्डलाई हराएको थियो, तर प्रशंसकले अर्को ठूलो उपाधिका लागि ११ वर्ष कुर्नुपरेको थियो ।

भारत सन् २०१९ को एकदिवसीय विश्वकप र सन् २०२२ को टी-२० विश्वकपको सेमिफाइनलमा पराजित भएको थियो ।

यसैबीच भारतका अलराउन्डर रवीन्द्र जडेजाले आफ्नो आधिकारिक सामाजिक सञ्जालबाट शनिबार आईसीसी टी-२० विश्वकप सन् २०२४ को उपाधि जितेपछि टी-२० अन्तर्राष्ट्रियबाट सन्यासको घोषणा गरेका छन् ।




# एचके मडरर्सलाई उपाधि

**सुर्खेत/मस-** प्रथम राष्ट्रिय ई स्पोर्ट्स च्याम्पियनसिप २०८१ को उपाधि हेल नाइट (एचके) मडरर्सले जितेको छ । कर्णाली प्रदेशको सुर्खेत विरेन्द्रनगरमा शनिबार राति सम्पन्न फाइनल चरणमा लियो स्पोर्ट्सलाई पछि पार्दै एचके मडर्सस पब्जी मोबाईलतर्फको च्याम्पियन बनेको हो ।

दुवै टोलीले समान अंक जोडेपनि चिकेन डिनरका आधारमा एचके मडरर्स च्याम्पियन बनेको आयोजक ई स्पोर्ट्स एसोसिएनका सचिव आशिष दाहालले जानकारी दिए ।

च्याम्पियन बनेको एचके मडरर्सले २ लाख २५ हजार प्राप्त गऱ्यो । दोस्रो भएको लियो स्पोर्ट्सले १ लाख ८० हजार पायो । यस्तै तेस्रो भएको फ्याभ फोरले १ लाख ८ हजार प्राप्त गऱ्यो । पब्जी मोबाइलमा अन्तिम चरणमा प्रतिस्पर्धा गरेका १६ वटै टिमले नगद पुरस्कार प्राप्त गरेका थिए । जसको प्राईज पुल ९ लाख रुपैयाँ रहेको थियो ।

लियो स्पोर्ट्सका लिओ एक्स हैतदामी मोस्ट भ्यालुएबल प्लेअर (एमभिपी) घोषित भए । उनले टेक्नो पोभा-६ मोबाइल प्राप्त गरे ।

च्याम्पियनसिपमा तीन इभेन्ट समावेश गरिएको थियो । जसमा इ फुटबलको उपाधि गौरव पुडासैनीले जिते । यस्तै, मोबाइल लेजेण्ड्स (एमएलबीबी)को उपाधि टिम हाई भोल्टेजले जितेको थियो ।

## Invitation for Sealed Quotation

### Jhapa Rural Municipality
### Office of the Rural Municipal Executive

**Taghandubba, Jhapa**

**Sealed Quotation No: SQ/JHAPA/JRM/10/080-81(re)**

**Date of publication: 2024-07-01 (2081-03-17)**

1. The Jhapa Rural Municipality invites sealed quotations from registered contractors for the procurement of "Aatuko Ghar cheuma Pakki pul nirman"
2. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the PPMO website www.bolpatra.gov.np.]
3. Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document of Nrs 1000 in the account specified below:
   **Name of the Bank : NIC Asia Bank Ltd.**
   **Name of the Office : Jhapa Rural Municipality Office**
   **Code no : 80101325**
   **Office Account no : 2022050512514014**
4. Sealed bids must be submitted to the above office through e-GP system i.e www.bopatra.gov.np/egp on or before 15- 07-2024 12:00 hours . Bids received after this deadline will be rejected.
5. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 15- 07-2024 13:00 hours at the office of Jhapa Rural Municipality, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security given below which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.

| S.N. | NAME OF PROCUREMENT | ESTIMATED AMOUNT (EXCLUSIVE OF VAT) NRs. | BID SECURITY AMOUNT NRs. |
|---|---|---|---|
| 1. | Aatuko Ghar cheuma Pakki pul nirman. SQ/JHAPA/JRM/10/080-81(re) | 1,154,754.13 | 32,000 |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## बरियारपट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**बरियारपट्टी, सिरहा**

**मधेश प्रदेश, नेपाल**

**बाढी, पहिरो, आँधी, बेहरी, जस्ता आपत विपद हुने सम्भावनाबाट जोगिन निम्न कुरामा ध्यान दिन अनुरोध छ ।**

१. केहि दिनको लागि चाहिने आपतकालीन आत्यावश्यक सामग्री (जस्तैः खानेकुरा, कपडा, औषधि, पानी) हरूको जोहो गरी सुरक्षित स्थानमा राखौं ।
२. बाढी आएका बेला नदीनालामा माछा मार्ने, पौडी खेले, काठ दाउरा संकलन गर्ने र गाइवस्तु चराउने जस्ता कार्यहरू उच्च जोखिममा रहने हुँदा त्यस्ता कार्यहरू नगरौं र नगराऔं ।
३. बालबालिका, गर्भवती महिला, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरूको उद्धार तथा राहत वितरणमा विषेश प्राथमिकता दिनुहोस् ।
४. रेडियो, मोबाईल एस.एम.एस. बाट सूचना लिनुहोस् ।
५. बाढीको समयमा चौपायालाई खुल्ला छोड्नुहोस् ।
६. वर्षाको समयमा सर्प निस्कने हुँदा रातको समयमा सधैं टर्चलाईट प्रयोग गर्नुहोस् ।
७. महत्वपूर्ण कागजात, आवश्यक औषधिहरू प्लाष्टिकमा सुरक्षित साथ राख्नुहोस् ।
८. उच्च र सुरक्षित जमिनमा जानुहोस् ।
५. बाढी आईरहेको समयमा नदि वा खोलानालामा नजानुहोस् ।
१०. सफा (उमालेर/निर्मलिकृत) पानी मात्र पिउनुहोस् ।
११. ग्याँस तथा विद्युतीय सामाग्रीहरू बन्द गर्नुहोस् ।
१२. उच्च जोखिममा रहेका बस्तीहरू पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गरौं ।
१३. मौसम पूर्वानुमान तथा नजिकका नदि नालामा पानीको बहावको सूचना लिई आवश्यक सतर्कता अपनाऔं ।
१४. बाढी पहिरोको समयमा आपतकालिन उद्दारको लागि नजिकका सुरक्षाकर्मी वा सशस्त्र प्रहरी बल, नेपालको टोल फ्री नं–११९४ मा सम्पर्क गर्नुहोस् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: LUQMA NAQIA INDUSTRIAL COMPANY LTD. शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०३/१४ चलानी नं.: ६०२२१७०१ LT. No.: 306963

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: FACTORY LOCKER CONCEPTS FOR INDUSTRY शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०३/१४ चलानी नं.: ६०२२१७०२ LT. No.:306962

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २४ गते (8 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४

Nepal HR Solution Pvt. Ltd.
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554
Email :- snepalhr@gmail.com

## SAUDI ARABIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी: AISHA ABDULLAH BADDAH AL-SHAHRANI FOUNDATION FOR PROVIDING BEVERAGES शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०३/१६ चलानी नं.: ६०२२१७४७ L.T. No.: 307010

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: NABAA CAFFEINE COMPANY FOR PROVIDING BEVERAGES शहर: Saudi Arabia,Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०३/१२ चलानी नं.: ६०२२१७१० L.T. No.: 306868

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 3 | 0 | स. काममा दक्ष | 1300 | ४६,१२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार २४ गते (8 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Pigeon H.R. Solutions Pvt. Ltd.
गोंगबु-२६, काठमाडौ, फोन : ४३६५०२२, ४३६४५२६, ९८५१००२९०५
Email: pigeonhrsolutions@gmail.com, Website: www.pigeonhr.com
Govt Lic. No. 1366/074/075

## शुन्य लागतमा Jordan मा रोजगारको अवसर

कम्पनी: UNITED FOR WORKS OF BROKERAGE IN HIRING AND RECRUITING NON-JORDANIAN DOMESTICE WORKER
पूर्व स्वीकृत मितिः २०८०/०७/०३ चलानी नं.: ६०२१००४७ LT. No.: 294014 शहर: AMMAM पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/housemaid | 0 | 46 | सम्बन्धित काममा दक्ष | 300 | ३९,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Secretary | 0 | 1 | | 400 | ५३,२४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २४ गते (8 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ७०६/०६४/०६५

इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.
का.म.न.पा-०४, धुम्रबाराही काठमाडौं, नेपाल, फोनः ४९७०६६९
Email.: info@itlnepal.com, Web.: www.itlnepal.com


## बेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**बेसीशहर, लमजुङ**

**गण्डकी प्रदेश, नेपाल**

### नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१।०३।१७)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि २०७४ को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी यस नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९।८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | संकलन क्षेत्र/ वडा नं. | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | Besishaharmun/ Revenue/NCB/ 081/82/01 | बेलौती बिसौना खण्ड | मालेवगर भलामखोला देखि बेलौती बिसौना हुँदै पुवाखोला दोभान सम्म (वडा नं. ६) | ८,७५० | २७,८२,०००। | कबोल अंकको ५ प्रतिशत | ३,०००। |
| २ | Besishaharmun/ Revenue/NCB/ 081/82/02 | सालडाँडा खण्ड | थारचौर पुलदेखि तल सालडाँडा मुनिको भाग (वडा नं. २,१०) | ६,८२५ | २१,७०,०००। | कबोल अंकको ५ प्रतिशत | ३,०००। |
| ३ | Besishaharmun/ Revenue/NCB/ 081/82/03 | गैरी क्याम्पस मुनी खण्ड | गैरी क्याम्पस मुनि घुम्ती देखि झोलुङ्गे पुल माथिको भाग (वडा नं. २ र ११) | २८,८०० | ९१,५५,०००। | कबोल अंकको ५ प्रतिशत | ३,०००। |
| ४ | Besishaharmun/ Revenue/NCB/ 081/82/04 | गाईखुरे छहरा खण्ड | गैरी क्याम्पसको झोलुङ्गे पुलदेखि तल, गाईखुरे झरना अगाडी र पारीपट्टी सिमलको रुख मुनी घुम्ती माथि (वडा नं. १, २ र ११) | ३२,४०० | १,०३,००,०००। | कबोल अंकको ५ प्रतिशत | ३,०००। |
| ५ | Besishaharmun/ Revenue/NCB/ 081/82/05 | आकासे भिरको डिलमुनीको भाग | कसर उद्योग मुनि देखि चिप्लेटीको पुल माथिको भाग (वडा नं. १) | ४५,००० | १,४४,००,०००। | कबोल अंकको ५ प्रतिशत | ३,०००। |
| ६ | Besishaharmun/ Revenue/NCB/ 081/82/06 | रिट्ठेवगर घाट | चिती मोटरेवल पुल घुम्ती देखि तल देउथान खोला सम्म (वडा नं. १ र ११) | ९,००० | ४०,००,०००। | कबोल अंकको ५ प्रतिशत | ३,०००। |
| ७ | Besishaharmun/ Revenue/NCB/ 081/82/07 | दोर्दी खोला क्षेत्र | चिती खण्ड दोर्दी खोला वारी पट्टीको भाग सबै (वडा नं. ११) | ५,६२५ | १७,९०,०००। | कबोल अंकको ५ प्रतिशत | ३,०००। |

(नोटः विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np वा कार्यालयको वेवसाईट www.besishaharmunicipality.gov.np मा हेर्न सकिनेछ तथा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

# सबै पक्षमा सकारात्मक परिस्थिति बनेको छ



वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार व्यवसायीहरुको छाता संगठनको रुपमा काम गर्दै आएको छ । वैदेशिक रोजगारलाई व्यवस्थित र मर्यादित गराउनको लागि विभिन्न कार्यक्रम गर्दै व्यवसायीहरुको नेतृत्व गर्दै आएको सो संघको सोमबार वार्षिक साधारण सभा तथा ३२औं स्थापना दिवस मनाउने कार्यक्रम रहेको छ । वैदेशिक रोजगार सम्बन्धित विभिन्न विषयमा संघका अध्यक्ष **राजेन्द्र भण्डारी**सँग मध्यान्हका लागि **रेशम पौडेल**ले कुराकानी गरेका छन् :

***राजेन्द्र भण्डारी**, अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ*

**यहाँले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षको जिम्मेवारी सम्हालेको करिब डेढ वर्ष अवधि पूरा भएको छ । जिम्मेवारी सम्हालेपछि एक वर्षभन्दा व्यवसायी हितमा के-के काम गर्नुभयो ?**

हामी बत्तीस वर्षको संस्थागत यात्रामा प्रवेश गरेका छौँ । यस अवसरमा म सबै व्यवसायीलाई बधाई तथा शुभकामना भन्न चाहन्छु । म संघको अध्यक्षमा निर्वाचित भई मेरो नेतृत्वमा काम शुरुवात गरेपछि पूर्व अध्यक्षज्यूहरुले देखाएको बाटोमा काम गरिरहेका छौँ । संघलाई बलियो संस्थाका रुपमा र विशेषगरी व्यवसायीको सुरक्षाका पक्षमा काम गरिरहेका छौँ ।

मुख्य रुपमा वैदेशिक रोजगारमा जाने कामदार र पठाउने व्यवसायीको हकहितको सुरक्षा दुवैलाई उत्तिकै महत्व दिएर काम गरेका छौँ । त्यसका लागि हामीले जिम्मेवारी सम्हालेको लगत्तै वैदेशिक रोजगार विभागमा डेस्क नै बनाएर काम गर्यौं । कामदारको सुरक्षा भएमात्र व्यवसायीको सुरक्षा हुन्छ भन्ने मान्यतालाई ध्यानमा राखेर भवन नै बनाएर हेल्थ डेक्स सञ्चालन गरेका छौँ ।

दोश्रो विषय, व्यवसायी माथि निराधार लान्छना लगाउने, कार्यालयमा नै प्रवेश गरी आक्रमण गर्ने र असुरक्षित बाताबरण बनाउने गरिएको थियो । हामीले त्यसको विभिन्न प्रकारले प्रतिरोध गरेर व्यवसाय बदनाम गर्ने तत्व पहिचान गरेर सम्बन्धित निकायसँग समन्वय गरेर उनीहरुलाई निरुत्साहित गरेका छौँ । यसका अतिरिक्त अव्यवहारिक देखिएको सय संख्यामा हटाउन प्रयत्न गर्यौं । हाम्रै प्रयासले प्रस्ताव मन्त्रिपरिषद्ले केही नेपाल ऐन संशोधन विधेयकमा सय संख्या खारेजी गर्ने प्रस्ताव गरेको छ । यो ठूलो पहलकदमी हो ।

**समस्या समाधानका लागि ठूलै पहल कदमी गरेको बताइरहँदा परिवर्तन भएका विषय पनि उल्टिएका छन् । सेवा शुल्क परिमार्जनका विषयमा काम नै भएन । यसलाई कसरी लिनुभएको छ ?**

हो । हाम्रो पहल कदमी पछि सुधार भएका काम मन्त्रालयमा राजनीतिक तथा प्रशासनिक नेतृत्व परिवर्तन हुनासाथ उल्टाउने काम भयो । यसले वैदेशिक रोजगार व्यवसायलाई जोखिममा पारेको छ । जस्तो युरोपेली देशमा नेपाली कामदारका लागि माग छ । तर नेपाली दुतावास नहुँदा मागपत्र प्रमाणिकरण नहुँदा कामदार संस्थागत रुपमा जान पाएनन् । मानव तस्करी बढ्यो । त्यस समस्याको समाधानका लागि मन्त्रालयमा कार्यविधि बनायौं । यद्यपि मन्त्रालय अहिले त्यसलाई स्थगित गरेको छ । यो विषयवस्तु नबुझेको रुपमा लिएका छौँ । यसमा मन्त्रालयले परिस्थितिको गम्भीरता र विषयवस्तु बुझ्नुपर्छ भन्ने हाम्रो माग र अडान यथावत् छ । जहाँसम्म सेवा शुल्क परिमार्जनको विषय छ, यो हाम्रो प्रमुख माग हो । फ्री भिसा फ्री टिकट भनेपनि वैदेशिक रोजगारीमा गएका मध्ये जम्मा चार प्रतिशत कामदार मात्र त्यसरी गए भन्ने विभिन्न अध्ययनहरुले देखाएको अवस्था छ । यसलाई पनि मन्त्रालयले सोही रुपमा लिनुपर्छ । विभिन्न दूतावासमा रहेका समस्याको समाधान र व्यवसायी माथिका उजुरी फरफारक गर्ने र वैदेशिक रोजगार ऐनमा रहेका संख्या सयको समाधान लगायतका व्यवसायी विरोधी व्यवस्था परिवर्तन र खारेजीको लागि पहल गरिरहेका छौँ । समस्याहरुको समाधानका लागि हामी उच्चरुपमा मेहनत गरिरहेका छौँ । त्यसलाई आम व्यवसायीले सोही रुपमा बुझ्नु भएको छ ।

**आम व्यवसायीको मुख्य सरोकार सेवा शुल्क परिमार्जनको हो । र तपाईंहरुले गत निर्वाचनमा उठाएको मुख्य एजेन्डा नै हो । यसमा ठोस काम हुन नसक्नुको कारण के देखियो ?**

सेवा शुल्क लागि हामी उच्चरुपमा मेहनत गरिरहेका छौँ । यो बिना अध्ययन सस्तो लोकप्रियताका लागि आएको अव्यावहारिक निर्णय हो । हामी कुनैपनि अवस्थामा लागू गर्ने पक्षमा छैनौं भनेर हामीले शुरुवात देखि नै अडान राखेका हौं । धेरैले यस विषयमा छलफल गर्न हाम्रा कुरा सुन्न पनि चाहनु भएन । तर, निरन्तरको छलफलपछि सबैले यस विषयमा सुन्ने र बुझ्ने वातावरण बनेको छ । निर्णय भएको छैन । तर यस विषयलाई यथास्थितिमा राख्नु हुँदैन, नेपालका छिमेकी देशहरुमा रहेको अभ्यासअनुसार नेपालमा पनि परिवर्तन गरेर जानुपर्छ भन्ने जनमत बनाउन सफल भएका छौँ । सस्तो लोकप्रियताका लागि आएको र राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा पनि त्यही अनुसारको प्रचारप्रसार भएकोले केही समय लागेको हो तर राष्ट्रिय रुपमा सेवा शुल्क परिमार्जन हुनुपर्छ भन्ने माहोल बनेको छ । यो अवस्थामा पुग्नु नै ठूलो उपलब्धि हो । यो सामुहिक माग हो । हाम्रो ठूलो प्रयत्नले सरकारले कुरा बुझ्न बाध्य भएको छ । यसका अतिरिक्त वैदेशिक रोजगार व्यवसायमाथि बेला बेलामा देखिने समस्या समाधानका लागि गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र विदेशस्थित नेपाली कुटनैतिक नियोगहरुमा पनि हामीले निरन्तर छलफल चलाएका छौँ । हाम्रो प्रयास र प्रयत्नले कतिपय हुन लागेका गलत निर्णय सुधारिएको अवस्था छ भने कतिपयले गलत निर्णय गर्ने आँट गर्न सकेका छैनन् । यस्ता विषयलाई पनि हामीले उपलब्धि मानेका छौँ ।

**तपाईंको अर्को एजेन्डा भनेको परम्परागत श्रम गन्तव्य परिवर्तन गर्न निरन्तर जब फेयर गर्ने भन्ने थियो । युएईमा भएको जब फेयरपछि अरु देशमा भने किन हुन सकेन ?**

कामदारलाई राम्रो सेवा सुविधा उपलब्ध भईरहेका श्रम गन्तव्यमा व्यवसायीको प्रत्यक्ष पहुँच पुर्याउने हाम्रो योजना छ । सोही उद्देश्यले युएईमा जब फेयर गर्यो, त्यसबाट हामीले राम्रो अनुभव हासिल गरेका छौँ । त्यसको निरन्तरताका रुपमा मलेसिया र गल्फका अन्य देश र युरोपेली देशमा पुग्ने हाम्रो लक्ष्य यथावत छ । कतिपय युरोपेली देशमा राजदूतावास नरहेको र रहेका राजदूतवासले मागपत्र प्रमाणिकरण नगर्दा समस्या उत्पन्न भएको छ । मागपत्र प्रमाणिकरण नहुने तर व्यवसायीले निजी खर्चमा बजार प्रवर्द्धन गरिरहने यो पनि सम्भव छैन । सेवा शुल्क परिमार्जन सहित मागपत्र पनि प्रमाणिकरण हुनुपर्छ भन्ने हाम्रो माग छ ।

**संघ छाता संस्था पनि हो । तर, कतिपय अवस्थामा यो छाता संस्था होइन भन्ने सन्देश आउने गरी व्यवसायीहरुले व्यवहार गरेको पनि देखिन्छ । अध्यक्षको नाताले यस विषयलाई कसरी हेर्नुभएको छ ?**

संघ सबैको छाता संस्था हो । जतिपनि समस्या छन् संघमार्फत् नै समाधानको पहल हुन जरुरी छ । त्यसो भएमात्र संघको गरिमा बढ्छ । तर, सस्तो लोकप्रियताका लागि विषयवस्तुमा पूर्ण जानकारी नभएपनि पहुँचको आधारमा अघि बढ्दा कहिलेकाहीँ ठूलै क्षति पनि हुन्छ । तर, संस्थाको पहिचानअनुसार व्यवसायीका संस्थाले गर्ने व्यवहार खुला नै रहन्छन् त्यसमा मेरो कुनै टिप्पणी छैन तर, त्यसले संघलाई बलियो बनायो कि बनाएन् ख्याल राख्नुपर्छ ।

**अन्त्यमा विगतको अनुभवको आधारमा संघको बाँकी कार्यकालमा के के काम गर्न सक्नुहोला ?**

हामीले संघको नेतृत्वमा बस्दा सधैँ राम्रोका लागि प्रयत्न गर्ने हो । कहिलेकाहीँ निर्धारित समय अगाडि सकारात्मक परिणाम आउँछ कहिलेकाही आउँदैन । हामीले प्रयास जारी राख्नुपर्छ । वर्तमान कार्यसमिति निस्वार्थ रुपमा काम गरिरहेको छ । सेवा शुल्क परिमार्जन ऐन नियममा संशोधन लगायत कामदारको सुरक्षा र व्यवसायी सुरक्षित हुने काममा लागि रहने छौँ । प्रत्येक दिन नयाँ समस्या आउने गरेका छन्, सकारात्मक सोचका साथ समाधान खोज्छौँ । कतिपय अव्यवहारिक निर्णयले व्यवसायीलाई गलत देखाउने प्रयास भएको छ । त्यसमा सुधार गरेमा सबैपक्षको जित हुनेछ ।



# समस्याको समाधानसहित संस्थागत विकासमा काम भइरहेको छ

**मेघनाथ भुर्तेल**
**महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार व्यवसायीहरुको छाता संगठनको रुपमा काम गर्दै आएको छ । वैदेशिक रोजगारलाई व्यवस्थित र मर्यादित गराउनको लागि विभिन्न कार्यक्रम गर्दै व्यवसायीहरुको नेतृत्व गर्दै आएको सो संघको सोमबार वार्षिक साधारण सभा तथा ३२औं स्थापना दिवस मनाउने कार्यक्रम रहेको छ । वैदेशिक रोजगार सम्बन्धित विभिन्न विषयमा संघका महासचिव **मेघनाथ भुर्तेल**सँग मध्यान्हका लागि **रेशम पौडेल**ले कुराकानी गरेका छन् :

**यहाँले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको महासचिवको जिम्मेवारी सम्हालेको करीब डेढ बर्ष अवधि पूरा भएको छ । जिम्मेवारी सम्हालेपछि व्यवसायी हितमा के के काम गर्नुभयो ?**

वर्तमान कार्यसमिति निर्वाचित भएको १४ महिना पुग्दै छ । संघमा निर्वाचित भएपछि क्यालेन्डर बनाएर नीतिगत विषयमा पहिलो बर्ष काम सम्पन्न गर्ने र संघको पहलमा सम्पन्न गर्ने कम दोश्रो वर्ष गर्ने योजना बनाएर कार्य प्रारम्भ गरेका छौँ । सरकारले गर्नुपर्ने नितिगत विषयमा मुख्य रुपमा ईजाजत नवीकरणका लागि अनिवार्य शर्तका रुपमा ऐन र नियमावलीमा अव्यवहारिक रुपमा रहेको सय संख्याको प्रावधान खारेज गराउन पहल गरी केही नेपाल ऐन संशोधन विधेयकमा समावेश गराएका छौँ । संसदले केही समयमा विधेयक पारित गरेपछि हाम्रो माग पूरा हुँदैछ । दोश्रो विषय त्यस्तै अव्यवहारिक रुपमा आएको र व्यवसायीमाथि विभिन्न खालका लान्छना लागेको फ्री भिसा फ्री टिकटको विषय मन्त्रालयसँग निरन्तर छलफल गरेर कामदार पठाउँदाको लागत खर्च वर्गिकरण हुनुपर्ने विषयमा गम्भीर छलफल गराएका छौँ । त्यसमा कुन कुन शिर्षकमा कति खर्च लाग्ने र उक्त खर्च कसले व्यहोर्ने एकीन गरेर समय सापेक्ष रुपमा कामदारले विदेशमा पाउने एक महिनाको तलब बराबरको रकम व्यवसायीले सेवा शुल्क बापत लिन पाउनुपर्छ भनेर माग राखिरहेका छौँ । यस विषयमा मन्त्री, सचिव र अन्य सरोकारवाला पक्षलाई राखी पावर प्वाइन्ट प्रस्तुतीमार्फत् गम्भीर ध्यानाकर्षण गराएका छौँ । मन्त्रालय र सरकारले सुधारको महसुस गरेर सुधारका पक्षमा काम गर्ने बचनबद्वता पाएका छौँ ।

**लामो समयदेखि थाती रहेको यस विषयमा सरकारको र मन्त्रालयको वर्तमान नेतृत्व कन्भिन्स भई व्यवसायीको मागअनुसारको निर्णय आउला भनेर कसरी विश्वस्त हुनुहुन्छ ?**

हामीले राखेका एजेन्डामा सुधार भई नया निर्णय हुँदा सरकार, व्यवसायी र वैदेशिक रोजगारीमा जाने कामदार सबैलाई लाभपुग्ने अवस्था छ । सेवाशुल्क परिमार्जन गर्दा सरकारले हाल पाएको तुलनामा दश गुणा राजस्व पाउने अवस्था छ । वैदेशिक रोजगारमा जाने कामदारले आफुले गरेको लगानीको भर्पाई पाउने भएकोले कामदार पनि पूर्णरुपले सुरक्षित हने अवस्था छ । त्यसैले सुधार गर्नुको विकल्प छैन । अर्कोतिर मागपत्र प्रमाणिकरणको विषयले अहिले जटिलता थपेको छ । ऐन बनाउँदा नेपाली कामदार खाडी र मलेसिया मुलुकमा मात्रै जान्छन् भन्ने दृष्टिकोणले काम गर्यो अहिले परिस्थितिमा परिवर्तन आएको छ । त्यो न समय सापेक्ष परिवर्तन गरि दफा १५ देखि १९ सम्मका अव्यवहारिक व्यवस्था परिवर्तन हुनुपर्यो । छिमेकी मुलुकहरुको पनि अध्ययन हुनुपर्यो । नेपाली गल्फ र मलेसिया मात्रै जान्छन् भन्ने मानसिकताबाट माथि उठेर युरोपेली मुलुकमा रहेको ४०औं हजार नेपाली कामदारको माग आउने अवस्थालाई सम्बोधन गरिनुपर्छ । मागपत्र प्राणिकरणको झन्झटिलो अवस्थाले कन्सल्ट्यान्सी र अन्य विचौलियाले असुरक्षित रुपमा विदेशमा नेपाली पठाएर जोखिम बढाएका छन् । युद्वग्रस्त रुस र युक्रेनमा कसरी हजारौं नेपाली पुगे ? कसरी दर्जनौं नेपाली युवाको अकालमा ज्यान गयो ? उनीहरुको शव नेपाल ल्याउन नसक्दा परिवारको कुन अवस्था उत्पन्न भयो ? नेपालीलाई किन स्वदेश फर्काउन सकिएन भन्ने जस्ता ज्वलन्त विषयलाई मध्यनजर राखेर सरकारले अनिवार्य रुपमा दूतावासबाट मात्रै मागपत्र प्रमाणिकरण गर्ने व्यवस्था परिवर्तन गर्न जरुरी छ । संस्थागत रुपमा गएको भए यी समस्या आउने थिएन ।

यी र यस्ता समस्या नेपालको वैदेशिक रोजगारका क्षेत्रमा निरन्तर रहेका छन् । यी समस्याको समाधानकै लागि यहाँ संघको महासचिवको जिम्मेवारीमा चुनिनु भएको हो । व्यवसायीले विवरण भन्दा परिणाम खोजेका छन् । समस्याको समाधान किन हुन सकेन ?

समस्या समाधानका लागि हामी निर्णय गर्ने ठाउँ र अवस्थामा छैनौं । हामीले समस्या समाधानका लागि लबिङ गर्ने, सरकार र मन्त्रालय माथि दबाब दिने हो । दबाब दिन कुनै कसर बाँकी राखेका छैनौं । म आफ्नो व्यवसाय छोडेर भएपनि अधिकांश समय संघको काम र व्यवसायीका समस्याको समाधानका लागि खटिएको छु । अधिकनश व्यवसायीले यो विषयमा जानकार नै हुनुहुन्छ । यस बीचमा ठोस निर्णय नआएपनि हाम्रा विरुद्धमा घेराबन्दी गर्ने र बद्नाम गर्ने एनजीओ आईएनजीओ र गैरसरकारी संघसंस्था जति छन् सबैसँग निरन्तर संवाद गरेर वैदेशिक रोजगार व्यवसायीले उठाएका माग जायज छन् भन्ने विषयमा कन्भिन्स गराउन सफल भएका छौँ । निर्णय नआउँदा व्यवसायीले परिणाम खोज्नु स्वभाविक नै हो ।

**नीतिगत सहित महासचिवको जिम्मेवारी कार्यालय प्रशासन र सांगठनिक परिचालनसँग रहेको हुन्छ । यस तर्फ के-के काम गर्नुभयो ?**

पहिलो वर्ष नीतिगत र दोश्रो वर्ष अन्य काम गर्ने कार्य योजना बारे बताए । नीतिगत विषयमा सुधारक प्रयत्न जारी छन् । जहाँसम्म आधुनिक प्रविधि अनुसार कार्यालय व्यवस्थापन र संघको आफ्नो भवन बनाउने चुनावी प्रतिबद्वता पूरा गर्न काम भईरहेका छन् । कार्यसमितिको बाँकी कार्यकाल भित्र नै संघको आफ्नो भवन हुनेछ । संघको पहिलेको जग्गा बाग्मती करिडोरमा परेको र बागमती सभ्यता विकास कोषमा परेकाले बाँकी जग्गामा भवन नबन्ने भएकोले संघको भवनका लागि बोलपत्र आव्हान गरेका छौँ । कतिपय प्रस्ताव व्यवहारिक भएनन् । साधारण सभाका कारणले केही ढिलाइ भएपनि यही आर्थिक वर्षभित्र नै संघको आफ्नै भवन हुनेगरी निर्णय गर्नेछौँ ।

संघलाई परिवर्तित सन्दर्भअनुसार अत्याधुनिक र डिजिटल प्रविधिमा लैजाने विषयमा पनि काम भईरहेको छ । हामी फेमिससँग जोडेर काम गर्नेगरी पेज बनाउँदै छौँ र हाम्रा कुरा सरकारका निर्णय लगायत विषयवस्तु राख्न युट्युव च्यानल सञ्चालनमा ल्याउने छौँ ।

**यी सबै विषयलाई कार्यसमितिको बाँकी कार्यकालमा टुंगोमा पुर्याउन सक्नु हुन्छ ?**

वैदेशिक रोजगार क्षेत्रमा सुधारको प्रमुख माग मागपत्र प्रमाणिकरणको समस्या समाधानका लागि वैदेशिक रोजगार मागपत्र प्रमाणिकरण कार्यविधि, २०८० तयार भएको हो । सम्बन्धित मुलुकले नभ्याएको अवस्थामा अनलाइनबाट मागपत्र प्रमाणित गर्ने व्यवस्था भएको हो । तर, राजनीति र प्रशासनिक परिवर्तन पछि सबै बिषयमा शुरुदेखि नै सम्झाउने र लबिङ गर्नुपर्ने बाध्यता छ । यसलाई हामीले बिडम्बना नै मानेका छौँ । तरपनि हामीले गरेको प्रयत्न र परिश्रमका आधारमा यी विषयमा छिट्टै अपेक्षा अनुसारका निर्णय हुनेमा आशावादी छौँ ।

**संघले यस पटक विधानमा संशोधन गरेर ऐतिहासिक रुपमा सांगठनिक फड्को मार्ने चर्चा थियो । सो सन्दर्भमा के भइरहेको छ ?**

संघ स्थापना पछि हालसम्म २०४९ को विधानमा चलेको छ । यसमा बदलिँदो अवस्था अनुसार परिमार्जन गर्न विधानमा नै पुनर्लेखन गरिएको छ । संघलाई महासंघमा लैजाने विषय हालको प्रमुख आवश्यकता बन्यो । संघसँग सहकार्य गर्ने सरोकारवाला पक्षहरुपनि महासंघीय संरचनामा गएको र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्न संघ भन्दा महासंघको संरचना र प्रणाली प्रभावकारी देखिएको र आम व्यवसायीको सुझावअनुसार संघलाई महासंघ बनाउनु पर्ने भयो । अर्कोतिर कार्यसमितिको कार्यकाल दुई वर्षको छ । महासंघ बनाउँदा कार्यकाल पनि तीन वर्ष प्रभावकारी हुने देखियो । केही व्यवसायीले कार्यसमितिले आफ्नो कार्यकाल आफैं लम्ब्याउने षडयन्त्र गरेको टिप्पणी पनि गर्नुभयो । तर, संघलाई प्रभावकारी बनाउन कार्यकाल तीन वर्ष रहनुपर्ने देखिएकाले विधानमा संशोधनको प्रस्ताव लैजादै छौँ । यसका अतिरिक्त सामाजिक उत्तरदायित्व बढेको छ । व्यवसायी संकटमा पर्दा व्यवसायीलाई राहत र सुरक्षा प्रदान गर्न संघको विधानमा भएको व्यवस्थाअनुसार भलाई कोष सञ्चालन कार्यविधिको प्रस्ताव साधारण सभामा पेस गर्ने तयारीमा छौँ ।




प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**